बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

## बारेकोट गाउँपालिकाको

# विनियोजन ऐन

## २०८२

बारेकोट गाउँपालिका, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०८२

आ.व. २०८२/०८३ सालको ऐन नं. : २
गाउँ सभामा पेश मिति : २०८२।०३।०८ सभामाबाट
पारित मिति : २०८१।०३।१९

# बारेकोट गाउँपालिकाको बिनियोजन ऐन, २०८२

बारेकोट गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरूको लागी स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन।

प्रस्तावनाः बारेकोट गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम बिनियोजन गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम बारेकोट गाउँसभाले यो ऐन तयार गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "बारेकोट गाउँपालिकाको विनियोजन ऐन, २०८२ रहेको छ।

(२) यो ऐन बारेकोट गाउँपालिका गाउँसभाको अधिवेशनबाट पारित भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक बर्ष २०८२/२०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक बर्ष २०८२/०८३ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले, गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुचि (१) मा उल्लेखित चालु खर्च, पुँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरि जम्मा रु. ५७,६६,५१,५१०।- **(सन्ताउन्न करोड छैसठ्ठी लाख एकाउन्न हजार छ पाँच सय दश रुपैयाँ मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक बर्ष २०८२/२०८३ को निमित्त बारेकोट गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र बिषयगत शाखाले सेवा र कार्यहरुको लागी विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले वचत हुने शिर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५% (पच्चीस प्रतिशत) मा नबढ्ने गरि कुनै एक वा एक भन्दा वढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र बित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानि खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि सो शिर्षकको जम्मा स्वीकृत रकमको २५% (पच्चीस प्रतिशत) भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृत लिनु पर्नेछ।

(४) विविध : १ आयोजना व्यवस्थापन खर्च (कन्टिजेन्सी) सम्वन्धमा तोकिए बमोजिम गर्ने।



बीर बहादुर गिरी
अध्यक्ष

(५) आर्थिक वर्ष २०८१/०८२ को असार मसान्तसम्म निरन्तर रुपमा कार्य गरी कार्यसम्पादन स्तर राम्रो एवम् सन्तोषजनक भएका कर्मचारीहरुको करार अवधि गाउँपालिकाको स्वीकृत सङ्गठन संरचना र दरवन्दी विवरण बमोजिम श्रम सम्वन्धी कानून र गाउँपालिकाको आर्थिक स्रोत समेतको आधारमा कम्तिमा साविकको सेवा शर्त र सुविधा कायम हुने गरि गाउँ कार्यपालिकाले थप गर्न सक्नेछ। करार कर्मचारीको करार सेवा अवधि थप गर्दा निजले २०८२ असार मसान्तसम्म सम्पादन गरेको कार्य सम्पादनस्तर मापन गर्नुपर्नेछ। कार्यबोझ र कर्मचारीले पुरा गरेको जिम्मेवारीको स्तर हेरेर थप व्ययभार नहुने गरि गाउँ कार्यपालिकाले पारिश्रमिक तोक्न सक्नेछ। गाउँ कार्यपालिकाले कर्मचारीको कार्यसम्पादन स्तर, सेवाको प्रकृति र कार्यालयको कार्यबोझ समेतलाई विश्लेशन गरी एक प्रकृतिको पदमा करार सेवामा कार्यरत कर्मचारीलाई अर्को प्रकृतिको पद वा सेवा समूहमा काम गर्ने गरि जिम्मेवारी तोक्न वा सेवा समूह परिवर्तन गर्न सक्ने छ।

## अनुसुचि-१
(दफा २ सँग सम्बन्धित)

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने श्रोतगत**

**<u>२०८२/०८३ को आय विवरण (क)</u>**

| क.सं | विवरण | आन्तरिक आय | राजश्व बाँडफाँड | वित्तिय समानीकरण | ससर्त अनुदान | विशेष अनुदान | समपूरक अनुदान | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | संघीय सरकार | ० | ११८४२३७११ | ९८६०००० | २३६२००००० | १६५००००० | १७८००००० | ४८७२२३७११ |
| २ | प्रदेश सरकार | ० | १८९७३७२ | १०४७४००० | २५४२०००० | ४०००००० | १४०००००० | ५५७९१३७२ |
| ३ | बैंक मौज्दात अल्या | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | बारेकोट गाउँपालिका | २५००००० | ० | ० | ० | ० | ० | २५००००० |
| ४ | साझेदार संस्थाहरु | | | | | | | ३०८३६४२७ |
| | जम्मा | | | | | | | ५७,६६,५१,५१० |

बारेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लिम्सा, जाजरकोट कर्णाली प्रदेश नेपाल २०७३

वीर बहादुर गिरी अध्यक्ष

## आय र व्यय विवरण (ख)

### आर्थिक वर्ष २०८२/८३ को आय र व्ययको विवरण

| क्र.सं. | आम्दानी (रु.) | | खर्च (रु.) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | ५७६६५१५१० | | ५७६६५१५१० | | | |
| १ | आम्दानी तर्फ | | चालु खर्च तर्फ | | | |
| १.१ | संघीय समानिकरण | ९८६००००० | चालु खर्च | ३०८२३४००० | ५३.४५% | |
| १.२ | संघ राजस्व बाँडफाँड | ११८४२३७११ | पूंजीगत खर्च | २६८४१७५१० | ४६.५५% | |
| १.३ | प्रदेश समानिकरण | १०४७४००० | जम्मा | ५७६६५१५१० | १००% | |
| १.४ | प्रदेश राजस्व बाँडफाँड | १८९७३७२ | | | | |
| १.५ | आन्तरिक आम्दानी | २५००००० | क्षेत्रगत व्यय (गा.पा. तर्फ) | | | |
| १.६ | अल्या तथा बाँकी समेत | ० | | | | |
| | जम्मा | २३१८९५०८३ | आर्थिक विकास क्षेत्र | १९१५८३५० | १२.७०% | |
| | | | सामाजिक विकास क्षेत्र | ७९२१२२०० | ५२.५०% | |
| | | | पूर्वाधार विकास | ४३११०५३३ | २८.५७% | |
| | | | सार्वजनिक सेवा प्रवाह र सुशासन | ६९००००० | ४.५७% | |
| | | | वन, वातावरण तथा विपद व्यवस्थापन | २५००००० | १.६६% | |
| | | | विषयगत समिति जम्मा | १५०८८१०८३ | १००% | |
| | | | कार्यालय सञ्चालन चालु | ८१०१४००० | | |
| | | | कुल जम्मा | २३१८९५०८३ | | |
| २.१ | संघीय ससर्त अनुदान | २३६२००००० | संघीय ससर्त अनुदान | २३६२००००० | | |
| २.२ | संघीय समपूरक अनुदान | १७८००००० | संघीय समपूरक अनुदान | १७८००००० | | |
| २.३ | संघीय विशेष अनुदान | १६५००००० | संघीय विशेष अनुदान | १६५००००० | | |
| २.४ | प्रदेश विशेष अनुदान | ४०००००० | प्रदेश विशेष अनुदान | ४०००००० | | |
| २.५ | प्रदेश ससर्त अनुदान | २५४२०००० | प्रदेश ससर्त अनुदान | २५४२०००० | | |
| २.६ | प्रदेश समपूरक | १४०००००० | प्रदेश समपूरक अनुदान | १४०००००० | | |
| २.७ | बैंक मौजदात अ.ल्या. | ० | बैंक मौजदात अ.ल्या. | ० | | |
| २.८ | साझेदार संघसंस्थाहरु | ३०८३६४२७ | साझेदार संघसंस्थाहरु | ३०८३६४२७ | | |
| | जम्मा | ३४४७५६४२७ | जम्मा | ३४४७५६४२७ | | |
| | जम्मा आम्दानी | ५७६६५१५१० | जम्मा खर्च | ५७६६५१५१० | | |

वीर बहादुर गिरी
अध्यक्ष

कर्णाली प्रदेश गाउँ सभा र नगर सभाको कानून निर्माण सम्बन्धी ऐन, २०७५ को दफा २४ को उपदफा (१) बमोजिम आर्थिक वर्ष २०८२/०८३ को बारेकोट गाउँपालिकाको विनियोजन ऐन, २०८२ सभा अध्यक्ष श्री वीर बहादुर गिरीबाट प्रमाणिकरण गरिएको छ।

वीर बहादुर गिरी
अध्यक्ष

<u>प्रमाणिकरण गर्ने:</u>
नामः वीर बहादुर गिरी
पदः सभाअध्यक्ष
मितिः २०८२/०३/१९
पृष्ठ संख्याः ०४